# झिमरुक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## भ्यागुते, प्यूठान
## लुम्बिनी प्रदेश, नेपाल


प.स.: -२०७८/०७९

मिति :- २०७८/ ०४/ ०३

च.नं / सूचना नं. : - स्वास्थ्य-०१

**कोभिड-१९ विरुद्धको खोप लगाउने सम्बन्धी झिमरुक गाउँपालिकाको सूचना।**

झिमरुक गाउँपालिका अन्तर्गत मिति २०७८ साउन ७ र ८ गते खोप उपलब्धताको आधारमा कोभिड-१९ विरुद्धको खोप अभियान (भेरोशिल खोप पहिलो मात्रा) संचालन हुने भएकोले तपसिलमा उल्लिखित लक्षित समूहले मात्र परिचय खुल्ने प्रमाण-पत्र सहित आफ्नो वडाको खोप केन्द्रबाट खोप लगाउनु हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ।

### १. खोप दिने लक्षित समूह:

- ५५ वर्ष र सो माथि उमेर समूहका कोभिड विरुद्धको पहिलो मात्रा खोप लगाउन बाँकी सबै नागरिकहरू,
- विद्यालयका शिक्षक र कर्मचारीहरू
- सार्वजनिक यातायातमा कार्यरत चालक र सहचालकहरू
- नेपाल सरकारले तोकेको अत्यावश्यक सेवामा संलग्न खोप लगाउन बाँकी व्यक्तिहरु
- खोप अनिवार्य गरेका देशमा जाने नेपाली नागरिकहरू

### २. भेरोशिल खोप दिने र लिने आधारहरू

- उमेर समूहको हकमा उमेर खुल्ने आधिकारिक प्रमाण-पत्र
- विद्यालयका शिक्षक र कर्मचारीहरूको हकमा सम्बन्धित संस्थाको आधिकारिक परिचय-पत्र
- सार्वजनिक यातायातमा कार्यरत चालक र सहचालकहरूको हकमा सवारी साधन नं. सहित व्यावसायिक संघबाट प्राप्त विवरण, प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित सूचिका आधारमा
- अत्यावश्यक सेवा प्रवाह (प्रमुख जिल्ला अधिकारीले तोकेका सेवाहरूमा संलग्न व्यक्तिहरूको हकमा आधिकारिक प्रमाण-पत्रको आधारमा)
- खोप अनिवार्य गरेका देशमा जाने नेपाली नागरिकहरूको हकमा पासपोर्ट र भिसाको आधारमा

०७८/४/३

.......................

हरि प्रसाद पोखरेल

नि.प्रमुख प्रशासकीय अधिकृत


वेवसाइट: Jhimrukmun.gov.np इमेल:- jhimrukmun@gmail.com , info@jhimrukmun.gov.np